**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय**
**पोखरा, कास्की**
**शिलबन्दी बोलपत्र आव्हानको सूचना**
(प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/६/१६)

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको फेवा टावर(साविकको पोखरा विमानस्थल: पुरानो विमानस्थल) को टर्मिनल भवन बाहिर आउट गेट नजिकको ३.४८ वर्ग मिटर क्षेत्रफलको स्थानमा १ वटा ATM ५ वर्षको लागि न्यूनतम ठेक रकम **रु. १,३०,५००/-(अक्षरुपी एक लाख तीस हजार पाच सय रुपैयाँ)** कायम गरिएकोले नेपाल राष्ट्र बैंकबाट क वर्गको कारोबार गर्न इजाजत प्राप्त गरेका इच्छुक बैंकहरुले निम्न शर्तहरुको अधिनमा रही बोलपत्र फाराम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. यो सूचना प्रकाशित भएको मितिदेखि १५औं दिन (२०८०/६/३० गते) भित्र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको नेपाल बैंक लिमिटेड, पृथ्वीचोक, पोखरा शाखामा रहेको चल्ती खाता नं १९२००१०७४१९९७३००००01 मा रु ११३०/- जम्मा गरी (पछी फिर्ता नहुने) सोको बैंक भौचर साथ फर्म दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र र नेपाल राष्ट्र बैंकबाट क वर्गको कारोबार गर्ने इजाजत पत्रको प्रतिलिपि सहित निवेदन पेश गरी यस कार्यालयको कर्पोरेट शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्रसाथ फर्म/कम्पनी दर्ता प्रमाणपत्र, VAT/PAN दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि(२०७८/७९), व्यवसाय संचालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्व-घोषणा पत्र र नेपाल राष्ट्र बैंकबाट प्राप्त कारोबार गर्ने इजाजतपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

३. ठेक्का अवधि ५(पाँच) बर्षको हुनेछ । साथै दोस्रो वर्ष देखि कुल ठेक रकममा कार्य सम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने ठेक रकममा नेपाल राष्ट्र बैंकको मूल्यवृद्धि सूचकाङ्क अनुसार थप गरी बहाल रकम बुझाउनुपर्नेछ ।

४. यस कार्यालयलाई तिर्न बुझाउनुपर्ने बाँकी बक्यौता भएका व्यक्ति हिस्सेदार भएको फर्म/कम्पनीले भाग लिन पाउने छैनन् ।

५. बोलपत्रसाथ आफूले कबोल गरेको बहाल रकमको ५% ले हुने धरौटी रकम यस कार्यालयको
Name of the Bank: Nabil Bank Ltd. Branch: New Road, Pokhara
Account Name: Pokhara International Airport Civil Aviation Office (Deposit)
Account Number: 1201013028901
माथि उल्लेख भए बमोजिमको खातामा जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी भएको शिलबन्दी बोलपत्र खोल्ने मितिले कम्तिमा १२० दिन मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

६. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिदेखि १५औं दिनभित्र खरिद गरी १६औं दिन (२०८०/७/१) को १२:०० बजे सम्म यस कार्यालयको कर्पोरेट शाखामा दाखिला गर्नुपर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु १६औं दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खरिद तथा दर्ता गरिनेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम शिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो सो स्पष्ट लेखी श्री पो.अ.वि.ना.उ.का., पोखरा, कास्कीलाई सम्बोधन गरी यस कार्यालयको कर्पोरेट शाखामा दर्ता गराउनुपर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. रित नपुगी वा म्याद नाघि वा शर्त राखि आएको बोलपत्र उपर कुनै कारबाही गरिनेछैन ।

१०. प्राप्त हुन आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१२. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको website: caanepal.gov.np र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको website: pia.caanepal.gov.np मा समेत उपलब्ध हुनेछ ।

१३. यसमा नपरेका अन्य कुराहरु प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट शाखाको फोन नं: ०६१-५९७०२४ मा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।